## गण्डकी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

भुम्लीचोक, गोरखा

# राजश्व सुधार योजना कार्यान्वयनको

# समिक्षात्मक अध्ययन

फाल्गुन, २०७८

## १. राजश्व सुधार योजनाको समग्र अवस्था (फाल्गुन २०७८)

| क.सं. | क्षेत्र | तत्कालिन अवस्था (आ.व. २०७६/७७) | राजश्व सुधार योजना २०७७ ले गरेका सिफारिसहरु | हालको अवस्था (फाल्गुन २०७८) | कैफियत |
|---|---|---|---|---|---|
| १ | राजस्व शाखा सम्बन्धी व्यवस्था | राजश्व शाखा गठन नभएको । | राजस्व इकाई स्थापना गर्ने | राजश्व शाखा गठन भई कार्यान्वयनमा रहेको । | |
| २ | राजस्व शाखामा कर्मचारीको व्यवस्था | करार कर्मचारीवाट राजस्व संकलन हुने गरेको । | कर्मचारी व्यवस्थापन गरि राजस्व शाखाको क्षमता अभिवृद्धि गर्ने । | १ जना स्थायी दरबन्दीको कर्मचारी बाट नियमित सेवा प्रवाह भईरहेको । | |
| ३ | राजस्व संकलनमा सफ्टवेयरको प्रयोगको अवस्था | कम्प्युटर तथा सफ्टवेयरको जडान तथा प्रयोग नभएको । | राजश्व शाखामा कम्प्युटर तथा सफ्टवेयरको जडान तथा प्रयोग मार्फत राजश्व वृद्धी गर्ने । | राजश्व शाखामा सफ्टवेयर लागु गरी गाउँपालिकाबाट नियमित सेवा दिने गरिएको । | |
| ४ | वडा कार्यालयहरुमा सफ्टवेयरको प्रयोगको अवस्था | सफ्टवेयरको जडान तथा प्रयोग नभएको | वडामा कम्प्युटर तथा सफ्टवेयरको जडान तथा प्रयोग गरी राजश्व वृद्धीमा सहयोग । | ७ वटा वडामा सफ्टवेयर लागु गरी वडाबाट नियमित सेवा दिने गरिएको । | |
| ५ | राजस्वका श्रोतहरु :<br>कर तथा गैरकरको अवस्था | कर श्रोतः ७<br>गैर कर श्रोतः ७ | | कर श्रोतः ११<br>गैर कर श्रोतः १२ | |
| ६ | आन्तरिक राजश्व संकलनको अवस्था | १,७८,२६,२१४ | | १६२०९७३६ | |
| ७ | कुल राजश्वमा आन्तरिक राजश्वको प्रतिशत | ४.२८७ | | २.२६७ | |
| ८ | आर्थिक ऐनको व्यवस्था (सुधारका क्षेत्रहरु, करछुटको व्यवस्था र जरिवाना सम्बन्धी व्यवस्था) | आर्थिक ऐनको अनुमान र यथार्थ संकलन बीचमा तालमेलको कमि रहेको | आर्थिक ऐनको मस्यौदा तयार गरिएको | थप संसोधन सहित आर्थिक ऐन जारी गरिएको (राजश्व छुट तथा मिनाहा सम्वन्धी निति रहेको) । | |
| ९ | कोभिड १९ को असर केन्द्रित राजश्व नीति अवलम्वन | छैन | | छैन | |
| १० | राजश्व व्यवस्थापनसँग सम्बन्धीत मापदण्ड निर्देशिकाको व्यवस्था | छैन | | एकिकृत सम्पत्ती कर व्यवस्थापन कार्यविधि, २०७४ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | राजश्व व्यवस्थापन सम्बन्धी तालिम तथा अभिमुखिकरण | छैन | | नभएको | |

## २. व्यवसाय कर संकलन तथा राजश्वमा यसको योगदान

**तत्कालिन अवस्था : (आर्थिक बर्ष २०७६/०७७)**

| सूचक | अवस्था |
|---|---|
| व्यवसाय कर व्यवस्थापन सम्बन्धी छुट्टै मापदण्ड, निदेशिका | संस्था दर्ता ऐन, २०७४ रहेको तर राजस्व संकलन सम्बन्धी थप निर्देशिकाहरु तयार नभएको । |
| व्यवसाय दर्ता प्रकृया (गाउँपालिकामा दर्ता हुने प्रकृया तथा प्रमाणपत्र सम्बन्धी व्यवस्था) | व्यवसायीको आवेदन सहित आवश्यक कागजात संलग्न गरी वडा कार्यालयको सिफारिसमा गाउँपालिकामा आवेदन दिने र आवेदनका आधारमा आवश्यक कागजात जाचबुझ गरी मनासिव देखिएमा शुल्क लिई व्यवसाय दर्ताको प्रमाणपत्र दिने व्यवस्था भएको । |
| व्यवसाय दर्ता प्रकृयामा वडा कार्यालयहरुको भूमिका | वडा कार्यालयले व्यवसायीको निवेदन अनुसार कागजात तयार गरि गाउँपालिकामा सिफारिस गर्ने गरेको । |
| व्यवसाय दर्ता नविकरण सम्बन्धी सचेतना कार्यक्रम तथा शिविर सञ्चालन सम्बन्धी व्यवस्था | व्यवसाय दर्ता सम्बन्धी सचेतना कार्यक्रम तथा शिविर र प्रचार प्रसार कार्यक्रम नभएको । |
| २०७७ सम्म दर्ता भएका व्यवसाय संख्या | १२४ |
| व्यवसाय कर संकलन (आ.व. २०७६/०७७) | १८९००० |
| कुल राजश्वमा व्यवसाय करको योगदान प्रतिशत | १.०६ |

## राजश्व सुधार योजना २०७७ को व्यवस्था

कुल राजश्व संकलन सम्भाव्यता तथा सिफारिसहरुको अवस्था (राजश्व सुधार योजनामा आधारित)

| सूचक | अवस्था |
|---|---|
| गाउँपालिकामा जम्मा व्यवसाय संख्या | ८४९ |
| व्यवसाय कर संकलन सम्भाव्यता | १२७३५०० |
| आ.व. २०७७/०७८ मा व्यवसाय कर प्रक्षेपण | १०८३००० |
| व्यवसाय दर्ता तथा कर संलकनका लागि गरिएका कार्यक्रमहरु | ▪ व्यवसायको पहिचान, अभिलेखीकरण र वर्गीकरण गरी व्यवसाय रजिष्ट्रेशन कार्यविधि तयार गर्ने ।<br>▪ व्यवसायको वर्गीकरणका आधारमा व्यवसायको दर्ता र बार्षिक नविकरणको रुपमा व्यवसाय करको व्यवस्था गर्ने ।<br>▪ व्यवसाय दर्ता तथा कर संकलनका लागि आवधिक रुपमा घुम्ति शिविर संचालन गर्ने ।<br>▪ उद्योग वाणिज्य संघ, आन्तरिक राजस्व कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय र सम्बन्धित पक्षहरुसँग समन्वय र नियमित अन्तरक्रिया गर्ने । |

## व्यवसाय दर्ता तथा कर संकलनको बर्तमान अवस्था (माघ २०७८)

| सूचक | अवस्था |
|---|---|
| व्यवसाय कर व्यवस्थापन सम्बन्धी छुट्टै मापदण्ड, निदेशिका | रव्यवसाय कर संकलन सम्बन्धी अलग्गै निर्देशिका तयार भएको छैन तर बार्षिक रुपमा राजस्व परामर्श समितिले व्यावासय कर सम्वन्धी विश्लेषण गरि प्रतिवेदन तयार गर्दै आएको छ। गाउँपालिकाको राजस्व सुधार योजना तयार भएपछि सो योजनालाई समेत आधार मानी बार्षिक समिक्षा गर्ने गरिएको छ। |

| सूचक | अवस्था |
|---|---|
| व्यवसाय दर्ता प्रकृया<br>(गाउँपालिकामा दर्ता हुने प्रकृया तथा प्रमाणपत्र सम्बन्धी व्यवस्था) | व्यवसायीको आवेदन सहित आवश्यक काजजात संलग्न गरी वडा कार्यालयको सिफारिसमा गाउँपालिकामा आवेदन दिने र आवेदनका आधारमा आवश्यक कागजात जाचबुझ गरी मनासिव देखिएमा शुल्क लिई व्यवसाय दर्ताको प्रमाणपत्र दिने व्यवस्था भएको । |
| व्यवसाय दर्ता तथा कर संकलन प्रकृयामा वडा कार्यालयहरुको भूमिका | वडा कार्यालयले व्यवसायीको निवेदन अनुसार कागजात तयार गरि गाउँपालिकामा सिफारिस गर्ने गरेको । सफ्टवेयर मार्फत कर संकलन गर्दै आएको छ । |
| व्यवसाय दर्ता सम्बन्धी सचेतना कार्यक्रम तथा शिविर सञ्चालन सम्बन्धी व्यवस्था | व्यवसाय दर्ता सम्बन्धी प्रचार प्रसार तथा कार्यक्रमहरु सञ्चालन नभएको । |
| २०७८ सम्म दर्ता भएका व्यवसाय संख्या | २२३ (माघ सम्म) |
| व्यवसाय कर संकलन (आ.व. २०७७/०७८) | २१५८१५ |
| कुल राजश्वमा व्यवसाय करको योगदान प्रतिशत | १.३३ |

## ३. राजश्व सुधार योजना कार्यान्वयनको वर्तमान अवस्था (२०७८ माघसम्म)

### ३.१ कर राजश्व शिर्षकसँग सम्बन्धीत

| क्र.सं. | तर्जूमा गरिएका कृयाकलापहरु | समय तालिका | जिम्मेवारी | कार्यान्वयनको अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | कार्य सम्पन्न | कार्य प्रगति हुदै | सुरु हुन नसकेको | |
| | **१. भुमीकर/मालपोल** | | | | | | |
| १.१ | मालपोत कार्यालयहरुबाट जग्गाको नयाँ लगत निकाल्ने र वडाबाट मालपोतको लगत तयार गर्ने | २०७७ माघ मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत, अध्यक्ष | | √ | | |
| १.२ | मालपोत सम्बन्धी तथ्याङ्क तथा कम्प्युटर प्रणालीमा अद्यावधिक गर्ने | २०७७ माघ मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत | | √ | | |
| १.३ | घुम्ती सेवा संञ्चालन गरी मालपोतको विवरण संकलन, अद्याधिकीकरण तथा कर संकलन गर्ने | निरन्तर | प्रमुख प्रशासकीय अधिकृत | | | √ | |
| | **२. सम्पत्ती कर** | | | | | | |
| २.१ | सम्पत्तीको मुल्याङ्कन विधि समेत सम्पत्ती कर व्यवस्थापन कार्यविधि तयार र स्वीकृत गर्ने | २०७७ पौष समान्त सम्म | राजस्व परामर्श समिति र गाउँ सभा | √ | | | |
| २.२ | सम्पत्ती कर र सम्पत्तीको स्वयंघोषणा प्रक्रिया बारे वडास्तरमा सचेतना कार्यक्रम संचालन गर्ने | निरन्तर | राजस्व उपशाखा तथा वडा कार्यालय | | | √ | |
| २.३ | सम्पत्ती कर लगायत अन्य करको लागि सफ्टवयर खरिद तथा सो सम्बन्धी तालिमको व्यवस्था गर्ने | २०७७ पौष समान्त सम्म | राजस्व उपशाखा र प्रमुख प्रशासकीय अधिकृत | | | √ | |
| २.४ | सम्पत्ती कर प्रशासनका लागि आवश्यक भौतिक सामग्रीको व्यवस्था गरी वडा कार्यालयहरुबाट मालपोतसँगै सम्पत्ति कर संकलनको व्यवस्था गर्ने | २०७७ पौष समान्त सम्म | राजस्व उपशाखा तथा वडा कार्यालय | | | √ | |
| | **३. घर जग्गा वहाल कर** | | | | | | |
| ३.१ | सम्पत्ती करको लागि सम्पत्तिको विवरण सहित करदाताको अभिलेख तयार गर्दा वहालमा भएका घर जग्गाको लगत समेत अद्यावधिक गर्ने | २०७७ पौष समान्त सम्म | प्रमख प्रशासकीय अधिकृत र वडा कार्यालय | | | √ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.२ | घर वहालमा लगाउने घरधनीहरुलाई बहाल कर सम्बन्धमा जानकारी गराई करको दायरामा ल्याउने | निरन्तर | राजस्व उपशाखा र वडा कार्यालय | | √ | | |
| | **४. व्यवसाय कर** | | | | | | |
| ४.१ | व्यवसायको पहिचान, अभिलेखीकरण र वर्गीकरण गरी व्यवसाय रजिष्ट्रेशन कार्यविधि तयार गर्ने | २०७७ माघ मसान्तसम्म | प्रमुख प्रशासकिय अधिकृत | √ | | | |
| ४.२ | व्यवसायको वर्गीकरणका आधारमा व्यवसायको दर्ता र बार्षिक नविकरणको रुपमा व्यवसाय करको व्यवस्था गर्ने | निरन्तर | राजस्व परामर्श समिति र गाउँसभा | √ | | | |
| ४.३ | व्यवसाय दर्ता तथा कर संकलनका लागि आवधिक रुपमा घुम्ति शिविर संचालन गर्ने | निरन्तर | राजस्व उपशाखा तथा वडा कार्यालयहरु | | | √ | |
| ४.४ | उद्योग वाणिज्य संघ, आन्तरिक राजस्व कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय र सम्बन्धित पक्षहरुसँग समन्वय र नियमित अन्तरक्रिया गर्ने | चौमासिक | गाउँ कार्यपालिका | | | √ | |
| | **५. डीबुटी, कवाडी र जीवजन्तु कर** | | | | | | |
| ५.१ | जडीबुटी तथा कवाडी वस्तु संकलनको सम्भाव्य क्षेत्र र व्यवसायीको पहिचान गरी बिक्री हुने परिमाण र बजार मुल्य एकिन गर्ने | २०७७ माघ मसान्तसम्म | सम्बन्धित वडा कार्यालय | | | √ | |
| ५.२ | आर्थिक ऐन तथा राजस्व व्यवस्थापन कार्यविधिमा जडीबुटी र कवाडी कर संकलनको व्यवस्था गर्ने | निरन्तर | राजस्व परामर्श समिति र गाउँसभा | √ | | | |
| | **६. विज्ञापन कर** | | | | | | |
| ६.१ | गाउँपालिका क्षेत्रमा राखिएका विज्ञापन सामाग्रीको स्थल तथा किसिम पहिचान गर्ने र सो सम्बन्धी लगत संकलन गर्ने | २०७७ माघ मसान्तसम्म | राजस्व परामर्श समिति र प्रमुख प्रशासकीय अधिकृत | | | √ | |
| ६.२ | विज्ञापन करको संकलनको लागि सम्बन्धित कम्पनी विज्ञापन एजेन्सीसँग समन्वय तथा अन्तरक्रिया गर्ने | निरन्तर | राजस्व परामर्श समिति र गाउँ सभा | | | √ | |

## ३.२ गैरकर राजश्व शिर्षकसँग सम्बन्धीत

| क्र.सं. | तर्जूमा गरिएका कृयाकलापहरु | समय तालिका | जिम्मेवारी | कार्यान्वयनको अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | कार्य सम्पन्न | कार्य प्रगति हुदै | सुरु हुन नसकेको | |
| | **१. ढुंगा, गिट्टी, बालुवा, स्लेट आदिको बिक्री** | | | | | | |
| १.१ | उपलब्ध मापदण्ड बमोजिम संभाव्य नदी खोला र अन्य स्थानबाट ढुंगा गिट्टी र वालुवा र स्लेटको उत्खनन सम्बन्धी नीतिगत निर्णय गर्ने | २०७७ पौष मसान्त सम्म | कार्यपालिका | √ | | | |
| १.२ | उल्लेखित स्रोतहरुमा वातावरणीय अध्ययन र परीक्षण गराई प्रतिवेदन स्वीकृत गर्ने | २०७७ माघ मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत र योजना शाखा | √ | | | |
| १.३ | वातावरणीय परीक्षण प्रतिवेदनमा निर्धारित परिमाणमा ठेक्का प्रक्रियाद्धारा शुल्क संकलनको व्यवस्था गर्ने र नभए अमानतबाट संकलनको व्यवस्था गर्ने | निरन्तर | कार्यपालिका | √ | | | |
| १.४ | संकलन र बिक्री प्रक्रियाको नियमित अनुगमन सुनिश्चित गर्ने | निरन्तर | कार्यपालिका | | √ | | |
| | **२. नक्सापास दस्तुर** | | | | | | |
| २.१ | घर निर्माण गर्दा नक्सा पास अनुमतिलाई कडाई गर्ने | निरन्तर | कार्यपालिका | | √ | | |
| २.२ | गाउँपालिका भित्र भएका पक्की तथा कच्ची घरहरुको अभिलेखीकरण गर्ने | निरन्तर | कार्यपालिका र प्रविधिक शाखा | | | √ | |
| २.३ | निर्माण भइसकेका घरहरुको अभिलेखीकरणका घरधनीहरुलाई अभिलेख गराउन सूचित गर्ने | निरन्तर | गाउँ सभा,कार्यपालिका र प्राविधिक शाखा | | | √ | |
| २.४ | नक्सापास तथा अभिलेखीकरण गर्नुपर्ने प्रावधान सहित सो प्रक्रिया बारे नागरिकलाई सुचीत गर्ने | निरन्तर | प्राविधिक शाखा वडा कार्यालयहरु | | √ | | |
| | **३. दर्ता, नविकरण तथा अनुमति दस्तुर** | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.१ | विद्यालय स्थापना, घ वर्गको ठेक्का इजाजत, एफ.एम. रेडियो संचालन, स्थानीय स्तरमा व्यापारीक फर्म आदिको दर्ता गर्ने कार्यविधि तर्जुमा गर्ने (मन्त्रालयले तयार गरेको नमुना कार्यविधिको आधारमा) | २०७७ माघ मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत तथा कार्यपालिका | √ | | | |
| ३.२ | गाउँपालिकाबाट अनुमति लिनु पर्ने व्यावसायको दर्ता तथा नवीकरण बारे व्यवसायी र सरोकारवाला बीच समन्वय तथा छलफल गर्ने | निरन्तर | राजस्व परामर्श समिति, गाउँ सभा | | | √ | |
| | **४. वहाल विटौरी शुल्क** | | | | | | |
| ४.१ | गाउँपालिका क्षेत्रभित्र भएका सार्वजनिक जमिन तथा त्यहाँ रहेका संरचनाबारे तथ्यांक संकलन गर्ने | २०७७ चैत्र मसान्त सम्म | प्राविधिक तथा प्रशासन शाखा | | | √ | |
| ४.२ | सार्वजनिक जमिन तथा त्यहाँ रहेका संरचना र विद्यमान उपयोगको योजना तयार गर्ने | २०७७ चैत्र मसान्त सम्म | राजस्व परामर्श समिति र गाउँसभा | | | √ | |
| ४.३ | विटौरी शुल्क तिर्नुपर्ने करदाताहरु लाई सूचित गर्ने | निरन्तर | आर्थिक प्रशासन शाखा | | | √ | |
| | **५. दीर्घकालीन आय स्रोतको पहिचान तथा सम्भाव्यता** | | | | | | |
| ५.१ | गाउँपालिकालाई दीर्घकालीन आय हुन सक्ने सम्भाव्य क्षेत्रहरुको पहिचान गरी सम्भाव्यता अध्ययनका लागि आवश्यक बजेट विनियोजन गर्ने<br>- हाटबजार व्यवस्थापन<br>- पर्यटकीय तथा बजार क्षेत्रको व्यवस्थापन<br>- खानेपानी तथा जलविद्युत आयोजना संचालन<br>- अस्पताल निर्माण तथा सञ्चालन<br>- अतिथी गृह तथा तालिम हल व्यवस्थापन | बार्षिक | गाउँ कार्यपालिका, गाउँ सभा | | | √ | |

## ३.३ राजश्व प्रशासन सुधार कार्ययोजना

| क.सं. | तर्जूमा गरिएका कृयाकलापहरु | समय तालिका | जिम्मेवारी | कार्यान्वयनको अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | कार्य सम्पन्न | कार्य प्रगति हुदै | सुरु हुन नसकेको | |
| | **१. कानुनी तथा नीतिगत व्यवस्था** | | | | | | |
| १.१ | आर्थिक ऐन पुनरावलोकन गरी परिमार्जन गर्ने - राजस्व अधिकारका संभाव्य शिर्षकहरुमा करमा प्रगतिशिल दर तथा लागतको आधारमा शुल्कको दर अद्यावधिक गर्ने<br>- व्यवहारिक नदेखिएका, लागु नहुने तथा संघीय कानुनसँग बाझिने प्रावधानहरुलाई हटाउने ।<br>- राजस्व असुलीको व्यवस्थासंगै दण्ड, सजाय तथा पुरस्कारको व्यवस्था पनि उल्लेख गर्ने । | २०७७ साल असार मसान्त | राजस्व परामर्श समिति, गाउँ सभा | √ | | | |
| १.२ | राजस्व परिचालन सम्बन्धी आवश्यक कार्यविधि तर्जुमा गर्ने | २०७७ माघ मसान्तसम्म | गाउँ कार्यपालिका | | √ | | |
| | **२. सांगठनिक व्यवस्था (शाखा, जनशक्ति, पूर्वाधार र सूचना व्यवस्था)** | | | | | | |
| २.१ | आर्थिक प्रशासन शाखा अर्न्तगत राजस्व उपशाखा गठन गरी उपशाखालाई स्रोत साधन सम्पन्न बनाउने | २०७७ कार्तिक देखी निरन्तर | कार्यपालिका | | √ | | |
| २.२ | राजस्व उपशाखाका लागि कर्मचारी, सफ्टवेयर तथा भौतिक सुविधाको व्यवस्था गर्ने | २०७७ पौष मसान्त | प्रमुख प्रशासकीय अधिकृत | | √ | | |
| २.३ | राजस्व सफ्टवेयर सम्बन्धी तालिमको व्यवस्था गर्ने | २०७७ माघ | प्रमुख प्रशासकीय अधिकृत | | √ | | |
| | **३. तथ्याङ्क तथा अभिलेख व्यवस्थापन** | | | | | | |
| ३.१ | विभिन्न स्रोतका आन्तरिक आयलाई सम्बन्धित शीर्षकमा आम्दानी बाँध्ने | निरन्तर | प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन शाखा | √ | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.२ | सबै वडा कार्यालयहरुमा राजस्व प्रशासनका लागि सफ्टवेयर जडान गरी कम्प्युटर बिलिङ सुरुवात गर्ने | २०७६ पौष देखी | प्रमुख प्रशासकीय अधिकृत | | √ | | |
| | **४. करदातामैत्री/करदाता लक्ष्यित कार्यक्रम** | | | | | | |
| ४.१ | विभिन्न सञ्चार माध्यमबाट कर असुलीका लागि चेतनामूलक सूचनाहरु प्रचार प्रसार गर्ने | निरन्तर | राजस्व परामर्श समिति र वडा कार्यालय | | | √ | |
| ४.२ | सबभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने | बार्षिक | गाउँ कार्यपालिका | | | √ | |
| | **५. राजस्व सुधार कार्ययोजना कार्यान्वयन** | | | | | | |
| ५.१ | यस कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरु कार्यान्वयनको सुनिश्चितता गर्ने | २०७७ पौष देखी | प्रमुख प्रशासकीय अधिकृत | | √ | | |
| ५.२ | कार्ययोजना कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट व्यवस्था गर्ने | निरन्तर | कार्यपालिका, गाउँ सभा | | √ | | |

**६. राजश्व सुधार योजनाको अनुगमन तथा मूल्यांकन (कार्यपालिका, राजस्व परामर्श समिति, राजश्व शाखा)**

६.१ **कार्यपालिकाबाट अनुगमन तथा मूल्यांकनः** राजस्व परामर्श समितिले सिफारिश गरेका सुझावहरूलाई छलफलमा ल्याई कार्यपालिकाको बैठकले आवश्यक निर्णय गर्ने गरिएको छ। कार्यपालिकाले राजस्व सुधार योजना तथा आय संकलन अवस्थाको समीक्षा गरी आवश्यक नीतिगत तथा कार्यगत निर्णय गर्ने गरिएको छ।

६.२ **राजस्व परामर्श समितिबाट अनुगमन तथा मूल्यांकनः** राजस्व परामर्श समितिले बार्षिक रुपमा प्रक्षेपण अनुमान तथा यथार्थ संकलन भएका आन्तरिक राजस्वको विश्लेषण गर्ने गरेको छ। उक्त प्रतिवेदनको आधारमा कार्यपालिकामा छलफल हुने गरेको छ। त्यसैगरी आगामी आर्थिक वर्षको लागि आयको अनुमान गर्ने कार्य, पूर्व भएका कार्यको मूल्यांकन गरी स्रोत, दर तथा दायरामा सुधारका लागि क्रियाकलापहरु सिफारिश गर्ने र त्यसको आधारमा आयको अनुमान गर्ने गरिएको छ। साथै राजस्वको अवस्था विश्लेषण गर्दा राजस्व सुधार योजनाको सिफारिसलाई समेत कार्यान्वयन गर्ने गरिएको छ।

६.३ **कार्यालय शाखा स्तरको अनुगमनः** कर्मचारीहरुको मासिक बैठक तथा चौमासिक समिक्षा बैठकमा शिर्षक अनुसारको राजस्व संकलनको अवस्थाको बारेमा छलफल गर्ने गरिएको छ।

## ४. राजश्व प्रक्षेपण, अनुमान तथा संकलनको अवस्था

(आ.व. २०७६/७७ र २०७७/०७८)

| राजश्व कोड | राजश्व शिर्षकहरु | आ.व. २०७६।०७७ (तत्कालिन अवस्था) | आ.व. २०७७।०७८ | | | वृद्धी दर (एक वर्ष) |
|---|---|---|---|---|---|---|
| | | वास्तविक संकलन | प्रक्षेपण (राजश्व सुधार योजना) | अनुमानित (वजेट किताव) | वास्तकि संकलन | |
| **क.** | **आन्तरिक आय** | **१७,८२६** | **१७,६९२** | **१६,११५** | **१६,२०९** | |
| ११३१३ | सम्पत्ति कर | ६०० | १,४२२ | ६०० | १५३ | |
| ११३१४ | भूमी कर/मालपोत | १२० | ७३५ | ५०० | १२६० | |
| ११३२१ | घर बहाल कर | ५६ | १८० | ५० | १४० | |
| १४६११ | व्यवसाय कर | १८९ | १,०८३ | ९०० | २१५ | |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ० | ९० | ४५० | ० | |
| ११३२२ | बहाल विटौरी कर (बहाल विटौरी शुल्क) | ० | १०८ | ० | ० | |
| ११६११ | जडिबुटी, कवाडी तथा जिवजन्तु कर | ० | ९० | ० | ० | |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | ० | १०० | ० | ० | |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम | १५० | ५० | १५०० | ४३६ | |
| १४२१९ | बिक्री (ढुङ्गा, गिट्टी, बालुवा बिक्री) | ११,३५८ | ११,७०० | १०,१३० | ८,७९८ | |
| १४२२९ | प्रशासनिक सेवा शुल्क (मुल्यांकन समेत) | ० | २५० | ० | ० | |
| १४२४२ | नक्सापास दस्तुर | १२२ | ४७५ | ६०० | २०१ | |
| १४२४३ | सिफारिश दस्तुर | १०५५ | ६०० | ८०० | १४३३ | |
| १४२४४ | ब्यक्तिगत घटना दर्ता दस्तुर | ६०२ | ५० | २५० | १६४ | |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ० | १०० | ० | ० | |
| १४२४९ | अन्य दस्तुर | ० | ३०० | ० | ० | |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | ० | १० | ० | ० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ५३० | ५० | २५ | ३३०७ | |
| १४५२९ | अन्य राजस्व | ३०४१ | ३०० | ३१० | १०२ | |

## ५. सिफारिशहरु

### १. राजश्व सुधार योजनाको अवस्था

- गाउँपालिका तथा वडाका राजश्व शाखालाई श्रोत साधन सम्पन्न वनाउने तथा राजश्व शाखाका कर्मचारीहरुको क्षमता विकास गर्नुपर्ने ।
- राजस्व परिचालन सम्वन्धी कार्यविधी तयार गरी कार्यान्वयन गर्ने ।

### २. स्थानीय ब्यवसाय कर संकलन तथा राजश्व वृद्धिमा योगदान

- व्यवसाय कर व्यवस्थापन सम्वन्धी कार्यविधी तयार गरि लागू गर्नुपर्ने ।
- व्यवसाय कर दर्ता तथा असुली सम्वन्धी सचेतना र वृहत रुपमा शिविरहरू सञ्चालन गरि छलफल चलाउने ।

### ३. राजश्व सुधार योजना कार्यान्वयनको अवस्था

#### ३.१ कर राजश्व

- भूमि कर र अन्य करहरू प्रवर्द्धन गर्न मोबाइल सेवा शिविरहरु सञ्चालन गर्नुपर्ने ।
- सम्पत्ती करको व्यवस्था बारे आमजनताहरुलाई विभिन्न माध्यमबाट सुसूचित गर्ने ।
- व्यवसाय कर प्रशासनमा पुरस्कार र दण्डको व्यवस्था गर्ने ।

#### ३.२ गैर कर राजश्व

- घर नक्शापास तथा अभिलेखीकरण कार्य सम्पत्ती कर तथा मालपोत संकलनसँग आवद्ध गरी वार्षिक रुपमा सचेतना अभियान सञ्चालन गर्ने ।

#### ३.३ राजश्व प्रशासन सुधार कार्ययोजना

- करदातालाई तिर्नुपर्ने कर रकम, छुट र दण्डसम्बन्धी जानकारी उपलब्ध गराउन कर शिक्षा कार्यक्रम संचालन गर्नुपर्ने ।

### ४. राजश्व प्रक्षेपण, अनुमान तथा संकलन

- प्रत्येक चौमासिक रुपमा राजस्व शीर्षक अनुसार राजस्व प्रक्षेपण, अनुमान र सङ्कलन तयार गर्नुपर्ने ।
- राजस्वको अनुमान, प्रक्षेपण र आय बजेट तथा प्रतिवेदनका लागि तोकिएको ढाँचा र कोड अनुसार राजस्व संकलन गर्नुपर्ने ।

### ५. राजश्व सुधार अध्ययनको तथ्य सार्वजनिक गर्नुपर्ने

- कर्मचारीहरुको मासिक तथा चौमासिक बैठकमा राजश्व संकलनको अवस्था, राजश्व संकलनको लक्ष्य, यथार्थ संकलन तथा राजश्व सुधार योजनाले तर्जुमा गरेका व्यवस्थाहरुको बारेमा समिक्षा गर्नुपर्ने ।

- चौमासिक रुपमा कार्यपालिकाको बैठकमा आन्तरिक राजश्वको लक्ष्य, यथार्थ आय तथा आयको अनुमानको गतिको बारेमा छलफल गरी लक्ष्य प्राप्तिका लागि आवश्यक कार्यक्रम तर्जुमा गर्न सहमति लिनुपर्ने ।
- नियमित बैठक, परामर्श र अनुगमन प्रक्रियमा मार्फत राजस्व परामर्श समितिलाई थप क्रियाशील बनाउने । राजश्व परामर्श समितिलाई क्रियाशिल बनाई नेतृत्वदायी भूमिका निर्वाह गर्न सहजीकरण गर्नुपर्ने ।
- राजस्वको असुली, अभिलेखन र उपयोगलाई पारदर्शी र सहभागितामूलक बनाउन पर्ने ।